# लोक सेवा आयोग

## नेपाल प्रशासन सेवा, राजश्व समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

मितिः- २०८०।१०।०९

समयः ३ घण्टा | पत्रःद्वितीय | पूर्णाङ्कः- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. नेपाल विश्व व्यापार संगठन र साफ्टाको पक्ष राष्ट्र भएको छ। यी संस्थामा आबद्ध भएपछि नेपालको निर्यात व्यापार आयातको तुलनामा घटिरहेको छ। साफ्टाको कार्यान्वयनपछि नेपालको आयातको आकार बढ्दै गएको तर आन्तरिक उत्पादन चाहिँ घट्दै गएको छ भन्ने भनाइ समेत रहेको छ। यस सन्दर्भमा साफ्टाको कार्यान्वयन अवस्थाको समीक्षा गर्दै नेपालको आयात व्यवस्थापन गरी निर्यात प्रबर्द्धन गर्न के कस्तो सम्भावना देख्नुहुन्छ ? कि नेपालले साफ्टाको कुनै विकल्प खोज्नुपर्ला ? तर्कयुक्त विश्लेषणात्मक प्रस्तुति दिनुहोस्। 15

२. कोभिड-१९ पछि सरकारले अपनाएको लचिलो मौद्रिक नीतिका कारण कर्जा विस्तार अत्याधिक भई मुलुकको बाह्य क्षेत्रमा नकारात्मक असर परेको पाइन्छ। आयात प्रतिबन्ध र कसिलो मौद्रिक नीति अवलम्बन गरेकोले हाल बाह्य क्षेत्रमा निकै सुधार आएको अवस्था देखिएको छ। यस बीचमा मुद्रास्फीति दर निरन्तर बृद्धि भई देशको आन्तरिक मागमा अत्याधिक संकुचन आएको छ। तरलताको स्थिति राम्रो रहे पनि प्रभावकारी माग बृद्धि हुन सकिरहेको अवस्था छैन। सुस्ताएको आयातले सरकारी राजश्व संकलन लक्ष्य अनुरुप हुन सकिरहेको छैन। तसर्थ, सरकार अत्याधिक ऋण परिचालन गरी वित्तीय सन्तुलन कायम राख्न प्रयासरत छ। तर पनि साँवा-ब्याज भुक्तानीको वार्षिक खर्च क्रमिक रुपमा बढ्दै गएको छ। अर्कोतिर, चालु खर्चमा मितव्ययीता कायम गर्न सरकारलाई हम्मेहम्मे परेको छ। पूँजीगत खर्च आशातीत हुन सकिरहेको छैन। लगानीको अवसर प्रशस्त रहेपनि मुलुकको खर्च गर्न सक्ने क्षमता (Absorptive Capacity) साँघुरिएकोले स्वदेशी रोजगारी न्यून छ। बर्सेनी ६/७ लाख युवाहरू बैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता विद्यमान छ। अर्थतन्त्रको विद्यमान अवस्थाले आन्तरिक उत्पादन, माग र रोजगारीमा सकारात्मक प्रभाव पार्न सकिरहेको छैन। अर्थतन्त्रको परिसूचकहरुले नैराश्यताको अवस्था देखाउँछ। सरकारले अर्थतन्त्रमा क्रमिक सुधार आएको दाबी गरिरहे तापनि वास्तवमा मुलुकको अर्थतन्त्र अझै पनि शिथिल अवस्थाबाटै गुज्रिरहेको भान हुन्छ। यस परिप्रेक्ष्यमा नेपाली अर्थतन्त्रको समष्टिगत प्रमुख सूचकहरुको विद्यमान अवस्थाबारे चर्चा गर्दै यस्तो अवस्था आउनुमा वित्तीय नीति वा मौद्रिक नीति वा अन्य नीति मध्ये कुन नीति बढी जिम्मेवार देख्नुहुन्छ ? तर्कयुक्त विश्लेषण गर्नुहोस्। साथै, मुलुकलाई समृद्धितर्फ लैजान कुन कुन क्षेत्रमा के कस्ता सुधार गर्नुपर्ला ? पुष्ट्याँइसहित धारणा प्रस्तुत गर्नुहोस्। 20

३. औद्योगिक नीति, २०६७ को एक प्रमुख उद्देश्य "गुणस्तरीय तथा प्रतिस्पर्धात्मक औद्योगिक उत्पादन एवं उत्पादकत्व अभिबृद्धिबाट राष्ट्रिय आय र रोजगारीमा बढोत्तरी सहित औद्योगिक वस्तुको निर्यात बढाउने" रहेको छ। नीति कार्यान्वयनको करिब डेढ दशकको अवधिमा नीतिले अपेक्षा गरेको उपलब्धि हासिल भएको देखिँदैन। बढ्दो आयात र घट्दो निर्यातले व्यापार घाटाको अंक वार्षिक बजेटको हाराहारीमा रहेको छ। देशमा औद्योगिक वातावरण निर्माण गर्न सरकारले आवधिक योजना र बजेटमार्फत् थुप्रै कार्यक्रम पनि कार्यान्वयनमा ल्याइरहेको छ। तथापि, अर्थतन्त्रमा औद्योगिक क्षेत्रको योगदान बढ्न सकेको छैन। उद्योग व्यवसायी उद्योगको स्थापना र सञ्चालनभन्दा व्यापारतर्फ बढी आकर्षित देखिएका छन्। उद्यमी स्वयंले पनि औद्योगिक वातावरण निर्माण, उद्योगमैत्री नीतिको तर्जुमा र कार्यान्वयन, दिगो औद्योगिक पूर्वाधारको माग गरेको सन्दर्भमा विद्यमान औद्योगिक नीतिको कार्यान्वयन अवस्थाको विवेचना गर्नुहोस्। साथै, उक्त नीतिको उद्देश्य प्राप्तिमा देखिएका चुनौती र समस्याहरु औँल्याउँदै समस्या समाधान गर्न अवलम्बन गर्नुपर्ने उपायहरुबारे चर्चा गर्नुहोस्। 8+7+5=20

४. मुलुकको राजश्व परिचालन लक्ष्य अनुसार हुन सकेको छैन। गत आर्थिक वर्षमा पनि राजश्व परिचालन लक्ष्य बमोजिम हुन सकेको थिएन। राजश्व परिचालनमा निरन्तर दबाब सिर्जना हुनु र वैदेशिक अनुदान पनि क्रमशः घट्दै जानुले सार्वजनिक ऋण लिएर खर्च आवश्यकतालाई धान्नु बाहेक अन्य विकल्प मुलुकसँग छैन। आन्तरिक ऋण धेरै उठाउँदा निजी क्षेत्रले प्राप्त गर्न सक्ने रकमलाई सरकारले नै उपयोग गरिदिंदा निजी क्षेत्रबाट अर्थतन्त्रमा हुन सक्ने योगदान पनि खुम्चन पुग्ने हुन्छ। वैदेशिक

क्रमशः

ऋण तुरुन्तै प्राप्त हुने नभई लामो छलफल एवं वार्ता पश्चात् मात्र सम्भव हुने बिषय हो। वि.सं. २०८० असोज मसान्तसम्ममा नेपालले तिर्न बाँकी आन्तरिक र बाह्य ऋण रु २३ खर्ब ५४ अर्बभन्दा बढी भइसकेको छ। यो रकम भनेको कूल गार्हस्थ्य उत्पादनको करिव ४३ प्रतिशत हो। यद्यपि, दक्षिण एशियाली मुलुकहरूमध्ये भारत, भुटान एवं पाकिस्तानभन्दा हाम्रो ऋणको अंश कूल गार्हस्थ्य उत्पादनमा कम नै रहेको छ। कतिपय व्यक्तिहरू नेपालको सार्वजनिक ऋणको अंश बढी भएको तर्क प्रस्तुत गर्दछन् भने केही व्यक्तिहरू हाम्रो जस्तो पूर्वाधारको पर्याप्त विकास नभएको मुलुकका लागि अझै पनि वित्तीय खाडल भएकोले सार्वजनिक ऋण लिन डराउन नहुने तर्क गर्दछन्। सार्वजनिक खर्चका विश्लेषकहरू भने ऋणलाई निश्चित सीमाभित्र राख्नुपर्ने तर्कसमेत प्रस्तुत गर्दछन्।

यस्तो अवस्थामा सार्वजनिक ऋण विगत दश वर्षमा निरन्तर बढ्नुका मुख्य कारक तत्वहरुको चर्चा गर्दै सार्वजनिक ऋणलाई निश्चित सीमाभित्र राख्ने र अनुशासित बनाउने बिषयमा पछिल्लो समयमा भएका प्रयासहरूको समीक्षा गर्नुहोस्। आगामी दिनमा सार्वजनिक ऋणलाई प्रतिफलमूलक क्षेत्रमा परिचालन गर्न के कसो गर्न उपयुक्त होला ? कार्यान्वयनयोग्य सुझाबसहितको ढाँचा प्रस्तुत गर्नुहोस्। 20

५. नेपालको संविधानले तीन तहसहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने लक्ष्य लिए अनुसार तीनवटै तहका सरकारहरूबीच राज्यशक्तिको बाँडफाँट गरेको छ। समावेशितामा आधारित नागरिकको सहभागिता, विधिको शासन, कर्मचारीको दक्षता, पारदर्शिता, वित्तीय तथा आर्थिक व्यवस्थापन आदि जस्ता सार्वजनिक सुशासनका विविध पक्षहरूलाई आत्मसात गर्दै सर्वसाधारण जनताको घरदैलोमा सेवा सुविधा पुग्ने गरी यी तीनवटै तहका सरकारहरूले काम गर्ने विश्वास गरिन्छ। यस अनुरुप अधिकांश कामहरू केन्द्रबाट प्रदेश र स्थानीय स्तरमा हस्तान्तरण गरेको पाइन्छ। संवैधानिक प्रावधान अनुसार नै संघीय सरकारले प्रदेश तथा स्थानीय तहका सरकारलाई तोकिएको कार्यहरू सम्पादन गर्ने गरी आवश्यक ऐन क़ानून तर्जुमा, कर्मचारी व्यवस्थापन, अन्तरसरकारी वित्तीय हस्तान्तरण (अनुदान बाँडफाँट) जस्ता महत्वपूर्ण बिषयहरूमा सहयोग पुर्‍याएको पनि पाइन्छ। साथै, संविधानद्वारा प्रदेश र स्थानीय सरकारहरूलाई कर लगायत विभिन्न प्रकारका राजश्व संकलन गर्ने अधिकार पनि प्राप्त छ। हाल प्रदेश र स्थानीय सरकारको कुल वार्षिक आयमा केन्द्रबाट प्राप्त हुने अनुदानले ती सरकारको बजेटमा उल्लेख्य हिस्सा ओगटेको छ।

वित्तीय संघीयताको कार्यान्वयन भएको छ वर्ष वितिसकेको भए तापनि अपेक्षित मात्रामा प्रदेश सरकारहरूले काम गर्न नसकेको, सिंहदरवारको अधिकार सर्वसाधारण जनताको घरदैलोमा सारिएको भनिए तापनि जनताहरूले सस्तो र सहजरुपमा सेवा सुविधा प्राप्त गर्न अझै कठिनाईहरू भोग्नु परिरहेको जस्ता गुनासाहरू सुनिने गरिएका छन्। तीनवटै तहबाट राजश्व संकलन गरिँदा जनतामा करको बोझ अत्याधिक मात्रामा बढेको, दोहोरो-तेहोरो रुपमा विभिन्न प्रशासनिक संरचना एवम् संगठनहरू स्थापना भएको, मुलुकको लागि संघीय शासन प्रणाली खर्चिलो भएको, व्यापक मात्रामा खर्च बढी दुरुपयोग हुनसक्ने सम्भावना रहेको आदि जस्ता अवस्था सृजना भई संघियता कार्यान्वयनमा चुनौती देखा पर्न थालेका छन्।

प्रस्तुत सन्दर्भमा तलका प्रश्नहरूको उत्तर दिनुहोस्। 25

क) उल्लिखित पृष्ठभूमिमा देखिएका समस्याका कारक तत्वहरु कुन कुन क्षेत्रमा रहेको पाउनुहुन्छ ? स्पष्ट पार्नुहोस्।

ख) संविधानले परिकल्पना गरे अनुरुप तीनवटै तहका सरकारहरूका बीचको अन्तरसम्बन्धका हकमा स्पष्ट कार्य बाँडफाँट गरी आपसी समन्वय कायम गर्दै संघीयताको मर्म अनुरुप व्यवहारमा उतार्न कुन कुन पक्षहरूबाट के कस्ता काम गर्न बाँकी रहेको ठान्नुहुन्छ ? चर्चा गर्नुहोस्।

ग) तीनवटै तहका सरकारहरूबीच वर्तमानमा देखिएको अन्तरसरकारी वित्त हस्तान्तरण सम्बन्धी मौजुदा समस्याहरू तथा कानूनी अस्पष्टता व्यवस्थापकीय समस्या मात्रै हुन् वा होइनन् ? तार्किक प्रस्तुति दिनुहोस्।

घ) सर्वसाधारण जनतालाई संवैधानिक व्यवस्था बमोजिम स्थानीय स्तरमै प्रदान गरिनुपर्ने सेवा सुविधा अझ बढी सुलभ र सहज रुपमा उपलब्ध गराउनका लागि हालको संघ, प्रदेश र स्थानीय स्तरमा राजश्व अधिकार र सोको व्यवस्थापनमा थप के कस्ता सुधारहरू गर्नुपर्ने देख्नुहुन्छ ? सुधारको खाका र सोको कार्यान्वयन कार्ययोजनासमेत प्रस्तुत गर्नुहोस्।

««« समाप्त »»»